

लोकतान्त्रिक गणतन्त्रको एकमात्र आधार "सत्य, तथ्य र खोजमुलक समाचारको संबाहक"

# कृपा दैनिक

**सूचना सूचना सूचना**

५ बर्षके निचेके सम्पूर्ण बच्चा सबके पोलियो थोपा खियाँई आ लुल्ला लङ्ड तथा अपाङ्ग होये से बचाँई । ई सब अपनेके वार्डमे तथा खोप क्लिनीकमे ले जाके महिला स्वास्थ्य स्वंयम सेवीका दिदि से खियवाई ।

पोलियो थोपा खियाबेके मिति इहे माघ १९ गते से माघ २० गते तक खियावल जा रहल बा ।

**जिल्ला स्वास्थ्य कार्यालय बारा**

❖ वर्ष :- ४ ❖ अंक - ३२५ ❖ २०६४ माघ १६ गते बुधवार 2008 Jan 29 ❖ मूल्य रू. २/- ❖ पृष्ठ संख्या :- ४

# बन्द र हड्तालको घेरामा पनि सातदलको सभाको तयारी

## सभालाई राष्ट्रसंघले अनुगमन गर्ने, शहरमा प्रहरीको बाक्लो उपस्थिति

■कृपा संवाददाता——

वीरगंज, १५ माघ /सात राजनीतिक दलको गठबन्धनले वीरगंजमा आयोजना गर्न लागेको संयुक्त चुनावी घोषणा सभाको तयारी पूरा भएको बताइएको छ ।

वीरगंजमा सात दलले सातौ तथा अन्तिम चुनावी घोषणा सभाको आयोजना गरेका हुन् । यही चैत २८ गते तोकिएको संविधान सभाको चुनाव गराउने प्रतिबद्धता जनाउने हिसावले सातदलले वीरगंजमा माघ १६ गतेको तिथि तय गरे अनुसार बुधवार उक्त सभा हुन गई रहेको हो । नेकपा एमालेको आयोजनामा हुन गई रहेको सो सभालाई विथोल्न तराईमा सशस्त्र आन्दोलन गर्दै आई रहेका आधा दर्जन जति भूमिगत संगठनहरुले माघ १५, १६ र १७ गते बारा तथा पर्सा बन्दको आह्वान गरेका छन् ।


सभा सफल बनाउँ भन्ने मुल नाराका साथ मंगलवार सात राजनीतिकदलहरुले वीरगंजमा मोटरसाइकल र्‍यालीको आयोजना गरेका छन् । वीरगंजबाट निस्किएको सो र्‍यालीले नजगरका विभिन्न भाग परिक्रमा गरी सर्व साधरण नागरिकलाई सभामा सरिक बन्नका लागि आग्रह गरेका थिए । बुधवार वीरगंजमा हुने



सभालाई विथोल्नका लागि सोमवार राती मात्रै वीरगंज कै मुख्य ठाउँ घण्टाघर र बसपार्कमा सामान्य बम विस्फोट भएको थियो ।

यद्धपी जिल्ला प्रहरी कार्यलय पर्साले र अंचल प्रहरी कार्यलय नारायणीले भने सुरक्षा ब्यावस्था मजबुत बनाएको बताएका छन् । घटना घट्न सक्ने ठाउँमा २४ सै घण्टा प्रहरीइलाई खटाइएको जानकारी अंचल प्रहरी कार्यालय नाराण्यणीका बरिष्ठ प्रहरी उपरिक्षक रमेश शेखर बज्राचार्यले बताउनुभयो । यस अघि नै सोमवार मात्रै जिल्ला प्रशासन पर्साले कुनै संखास्पद चिज देखेमा प्रहरीलाई खबर गर्न आग्रह गरी सकेको छ ।

सो सभामालाई लक्षित गरी वीरगंजका मूख्य चौकमा प्रहरीको बाक्लो उपस्थिति मंगलवार विहानै देखि



**सात दलले सातौ तथा अन्तिम चुनावी घोषणा सभाको आयोजना भनेको त पत्रपत्रीकामा खाली बम बिष्फोटबाहेक अन्य समाचारको पत्तो नै छैन ।**

देखिएको थियो । संभावित घटना घट्न सक्ने वीरगंजका सबै चोकमा सशस्त्र प्रहरी र जनपथ प्रहरी प्रशासनले परिचालन गरेको थियो ।

विशेष गरी सभालाई नेपाली काग्रेसका फरमुल्लाह मंसुर, नेकपा एमालेका भरत मोहन अधिकारी, नेकपा माओवादीका मातृका यादव, सद्भावना आनन्दीका सरिता गिरी, मजदुर किसान पार्टीका सुनिल प्रजापति लगायतका सातैदलका प्रतिनिधिले संबोधन गर्ने बताइएको छ । सुरक्षाका सबै अंगलाई प्रभावकारी तवरले परिचालन गरिएको जानकारी पर्साका प्रमुख जिल्ला अधिकारी भोला शिवाकोटीले एक सूचना जारी गरी दिनुभएको छ । यसैबीच सभालाई नेपाल स्थित संयुक्त राष्ट्रसंघीय उच्च आयोगले सभाको अनुगमन गर्ने भएको छ ।

# माओवादीद्वारा रौतहट प्रशासनमा घेराउ

■कृपा संवाददाता——

रौतहट, १५ माघ/आफ्ना कार्यकर्ताको रिहाईको माग गर्दै नेकपा माओवादका कार्यकर्ताहरुले मंगलबार विभिन्न नारा जुलुस लगाउदै जिल्ला प्रशासन कार्यालय रौतहट घेरेका छन् । मधेशी मुक्ति मोर्चाका केन्द्रीय सदस्य तथा रौतहट क्षेत्र नं. १ का ईन्चाज जयराम यादवलाई स्थानीय प्रहरीले कर्तव्य ज्यान समबन्धी मुद्दामा गत कार्तिक महिनामा जेल चलान गरेपछि उनको रिहाईको माग गर्दै माओवादीहरुले त्यसरी जिल्ला प्रशासन घेरेका हुन् ।

नेकपा माओवादी रौतहटका ईन्चार्ज अशोक जयसवालको नेतृत्वमा गएको माओवादी कार्यकर्ताहरुलाई सम्बोधन गर्दै ईन्चाज जयसवालले २३ बुँदे सहमति विपरित स्थानीय प्रशासनले प्रतिगामी चरित्र देखाएको भन्दै केन्द्रीय सदस्य यादवलाई तत्काल नछाडे प्रशासन विरुद्ध सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

# सभामा सरिक नहुने साहको जानकारी

■कृपा संवाददाता——

वीरगंज, १५ माघ / सात साझेदार संयुक्त बाममोर्चाको एक घटकले बुधवार वीरगंजको नारायणी रंगशालामा सम्पन्न हुन गई रहेको चुनावी सभामा आफ्नो पार्टीले भाग नलिने कुरा सो पार्टीका महासचिव गणेश साहले जानकारी दिनुभएको छ । मंगलवार नेपाल पत्रकार महासंघ पर्सा शाखाको सभाहलमा पत्रकार सम्मेलनको आयोजना गरी उहाँले सो कुराको जानकारी दिनुभएको हो । उहाँले मधेशको समस्यालाई संबोधन नै नगरी चुनाव कुनै औचित्य नहुने भएकोले सभामा सरिक नहुने निर्णय गरिएको बताउनुभयो ।



पत्रकार सम्मेलनमा बोल्दै महासचीव साह । *तस्विर:राम क्षेत्री*

साहले सधेशको समस्यालाई वार्ताबाट नै समाधान गर्नुपर्छ भन्ने आफ्नो पार्टीको धारण रहेको कुरा बताउनुभयो । सेना परिचालन गरेर समस्याको समाधान नहुने कुरा पनि उहाँले दाबी गर्नुभयो । सेना परिचालन गरेर झन् मधेशको समस्यालाई निरन्तरता र चर्काउन सातदल लागेको आरोप पनि उहाँले लगाउनुभयो ।

# सभालाई विथोल्न ठाउं-ठाउंमा बम विष्फोट बन्दका कारण जिल्लाको जनजीवन प्रभावित

■कृपा संवाददाता——

कलैया, १५ माघ / सात राजनीतिक दलको गठबन्धनले वीरगंजमा बुधबार आयोजना गर्न लागेको सभालाई विथोल्ने गरी मंगलबार साँझ बारा तथा पर्साका विभिन्न भागहरुमा बम विष्फोट भएको समाचार प्राप्त भएको छ । सभालाई विथोल्ने गरी तराईका विशेष गरी जनतान्त्रिक तराई मुक्ति मोर्चा पृथ्वी सिंह समूह र गोइत समूहले मंगलबारबाट नै बारा पर्सा बन्दको आव्हान गरेको थियो । मंगलबार साँझ करिव ६ बजे तिर बारा जिल्लाको चैनपुरमा सामान्य बम विष्फोट भएको बताईएको छ । गण्डकमा बन्दको अवज्ञा गरेको भन्दै पृथ्वी सिंह समूहका



बीरगंजमा सुरक्षार्थ खटीएका प्रहरीहरु चेकजांच गर्न खोज्दै । तस्विर: राम क्षैंत्री

कार्यकर्ताहरुले बस र ट्रकमा तोडफोड गरिदिएको पनि जनाईएको छ ।

त्यसैगरी वीरगंजमा पनि मंगलबार साँझ ७ बजे तिर रानीघाटमा र ७:३० तिर वीरगंजकै मुर्ली चौकमा सामान्य बम पड्केको बताइएको छ । पर्सा प्रहरीले सुरक्षा व्यवस्था मजबुत बनाएको दावी गरिरहदा नगरपालिका भित्रै ठाँउ-ठाँउमा बम विष्फोट भएको समाचार प्रकाशमा आएको हो । पृथ्वी सिंह समूह र गोइत समूहका बन्दका कारण वीरगंजको जनजीवन पनि ठप्प रहेको छ । तराईका विभिन्न भूमिगत संगठनहरुले बुधबारको सभालाई विथोल्ने गरी मंगलबार, बुधबार र विहीबार लगातार तीन दिने बन्दको आव्हान गरेपछि बारा तथा पर्साका जनजीवन प्रभावित बन्न पुगेका हुन् ।

# स्थानीय कर्मचारीद्वारा आन्दोलन गर्ने चेतावनी

■कृपा संवाददाता——

कलैया, १५ माघ / जिल्ला विकास समिति बारा अन्तरगतका स्थानीय निकाय कर्मचारी संघ बाराले विभिन्न मागहरु अघि सादै माघ २२ गतेभित्र आफ्ना माग पुरा नगराईए २३ गते पत्रकार सम्मेलन गरी आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने चेतावनी दिएको छ ।

सो संघले मंगलवार बाराका स्थानीय विकास अधिकारी भरत ढुंगानालाई एक ज्ञापन पत्र बुझाउदै यस्तो चेतावनी दिएको हो । हालसम्म भएका सहमति कार्यन्वयन नभएको भन्दै उक्त संघले आपत्ती समेत जनाएको छ ।

- शेष: पृष्ठ ३ मा

# बाबाको चक्काजाम जारी, चालकद्वारा पनि चक्काजाम

■कृपा संवाददाता——

वीरगंज, १५ माघ/विभिन्न हिन्दुवादी संघ लगायत साधु बाबाहरुले मंगलबार पनि वीरगंज रक्सौल सडक खण्ड २ घण्टा अवरुद्ध पारेका छन् ।

नेपाललाई हिन्दु राष्ट्र कायम राख्नु पर्ने माग राख्दै विहान ९ बजे देखि ११ बजे सम्म त्यसरी उनीहरुले सो सडक खण्ड अवरुद्ध पारेका हुन । सडक अवरुद्ध भएपछि प्रहरीले पुन: बल प्रयोग गरी उनीहरुलाई भगाएको थियो । यस अघि सोमबार पनि बाबाहरुले सो सडक खण्ड अवरुद्ध पारेपछि प्रहरीले बल प्रयोग गरी उनीहरुलाई भगाएको थियो । उता, अमलेखगंज तेल डिपोले ट्याकंरहरुलाई तेल उपलब्ध नगराएपछि १ घण्टा ट्याकंर चालकहरुले पथलैया अमलेखगंज सडक खण्ड अवरुद्ध पारेका थिए ।

- शेष: पृष्ठ ३ मा

# टेष्ट परीक्षाको सुरूवात संगै चरणबद्ध हड्ताल भएकोमा चिन्तित छन्, विधार्थी

**कृपा दृष्टि**

भविष्यका कर्णधार मानिएका विधार्थीहरुको कक्षा दशको टेष्ट परीक्षा संचानलन भएदेखि नै विशेष गरी नगरका विधार्थीले यसको चर्को सामना गर्न परेको छ । टेष्ट परीक्षा प्रारम्भ भए लगत्तै भई रहेको बन्द र हड्तालले गर्दा विधार्थीहरु पीडित पनि भएका छन् ।

दिनभर पढे पनि कति बेला कसले कुन कारणले बन्द गर्छ र भोलि पल्ट स्कूल बन्द हुन्छ त्यसको ठेगान नभएको कुरा विधार्थीहरु बताउछन् । आफूले पढे लगतै परीक्षा दिन नपाउँदा खल्लो लाग्ने र कति कुरा त विर्सने गरेको गुनासो समेत उनीहरुले पोखेका छन् ।

विधार्थीहरुको पिर मर्कालाई कसैले बुझ्ने नगरेका कारण अब विधार्थी पनि सडकमा उत्रनु पर्ने स्थिति आएको वीरगंज कै एक माध्यामिक विधालयमा पढ्दै गरेका एक विधार्थी भन्छन् । सडकमा उत्रिएपछि मात्र माग सुनिने भएकाले अब विधार्थीको विकल्प पनि अरु नभएको बताउँछन् ।

जे भएपनि शैक्षिक संस्थाको पठन- पाठन अवरुद्ध हुने गरी कसैले विरोध नगरे हुन्थ्यो भन्ने उनीहरुको सुझाव रहेको छ । आखिर कुनैपनि दलको नेता भएपनि त्यसका सन्तती विधालयमा नै पढ्ने भएकोले विधालयलाई शान्ति क्षेत्रको रुपमा विकास गराउनु पर्ने धारण शिक्षक र विधार्थी दुबैको छ । जे होस् चरणबद्ध भइरहेका बन्द र हड्तालको निशानामा कक्षा दशको योग्यता परीक्षा दिई रहेका विधार्थी परि रहेका छन् । यसरि विधार्थीहरुको भावनालाई तिलाञ्जली दिइयो भने त भोलि सडकमा विधार्थी उत्रन पो के बेर ।

### महावाणी

ध्यायतो विषयान्पुंसः संगस्तेषूपजायते ।
संगात्सञ्जायते कामः कामात्क्रोघोभिजायते ।।

*When a man allows his mind to muse on the objects of sense-enjoyments, an attraction for them is created. Attraction develops into craving and from craving follow causes for anger.*

**प्रधान सम्पादक** : *नवराज उपाध्याय*
**प्र. निर्देशक/सम्पादक** : *कमल कुमार उपाध्याय* ९८४५०४१८८५,९८०४२७७३२२
**कार्यकारी सम्पादक** : *कृष्णउदास खनाल, विनोद प्याकुरेल*
**प्रकाशक/मुद्रक** : *कुशल प्रकाशन अफसेट प्रेस, बारा*
**विशेष सहयोगी** : *ओमप्रकाश ठाकुर / रमेश तिमल्सिना*
**आई.टी. प्रमुख** : *भुवन कुमार झा*
कार्यालय- आचार्य इलेक्ट्रोनिक्स, भरतचौक, कलैया
फ्याक्स नं. ०५३-५५०५६६,
श्रीपूर, वीरगंज-१६,
फोन नं. ०५१-५२४३६६, फ्याक्स ०५१-५२३०७६
**e-mail**:– *kreepadaily@gmail.com*
http://kreepa.wordpress.com

## सम्पादकीय......

### सांढेको जुझाई बाछाको मिचाई

*अहिले नेपालको राजनीतिलाई गहनताका साथ विश्लेषण गरेर हेर्ने हो भने साँढेको जुझाई बाछाको मिचाईको अवस्थामा गुज्रिएको जस्तो देखिन्छ। सत्तामा बसेका राजनीतिकदलको चेपुवामा र मधेशमा विभिन्न आन्दोलन गरी रहेका पक्षको चपेटोमा नेपाली जनता परेको देखिन्छ। सात राजनीतिक दलले बुधवार वीरगंजमा सभाको आयोजना गरेको छ भने त्यही सभालाई विथोल्न विभिन्न भूमिगत संगठनहरुले बन्दको आह्वान गरेको देखिन्छ।*

*राजनीतिकदलको आफ्नै स्वार्थ होला तर जनताले नत सभाबाट नै केही पाउने हुन् नत बन्दबाट नै । मधेशका जनता बन्द र हड्तालबाट आजित भइसकेका छन्। जनताका लागि भनेर यहाँ कसैले पनि सोचेको हुँदैन । आफ्नो दूनो सोझ्याउन तर्फमात्र यिनीहरु क्रियाशिल देखिन्छन् । जनताको भावनालाई सम्मान गनुपर्छ भन्ने भावना कुनैपनि पक्षसंग भएको देखिदैन। आफ्ना सीमित स्वार्थ परिपूर्ती गर्नका लागि नेता वा दलहरु लागि रहेका छन्।*

*बाराको पसाहामा भएको त्यत्रो घटनाको बारेमा थोरै नै भएपनि कसैले गहिरिएर संवेदना प्रकट गरेन। जसले गरेको भएपनि त्यो अपराध हो भनेर कसैले खुलेर भन्न सकेन। आखिर कहिले सम्म नेपालका यि तथाकथित राजनीतिकदलहरुले साँढेको जुझाई बाछाको मिचाई गर्ने हुन् त्यो नेपाली जनताले राम्रोसंग बुझेका छन् र समय आएपछि त्यसको हिसाव - किताव पनि नेपाली जनताले गर्ने नै छन्।*

# सातदलीय प्रतिवद्धता : चुनाव सार्ने खेल मात्रै

**अकेला**

आसन्न निर्वाचनको घडि जतिजति नजिकिँदैछ, उतिउति नै सातदलीय गठवन्धनको सरकारले सार्वजनिक सभाहरुमा जस्सरी भए पनि संविधान सभाको निर्वाचन गराईछाड्ने प्रतिवद्धता दोहऱ्याई छन् र कुनै पनि ताकतले यो निर्वाचनलाई रोक्न नसक्ने ठोकुवा समेत अगाडि आएको छ। तर साक्षात ईश्वरलाई नै दिग्भ्रमित पार्नसक्ने नेतागणहरुका यी प्रतिवद्धता र ठोकुवाहरुको कति तौल छ, त्यो त चैत्र २८ गते नै थाहा हुनेछ।

संयुक्त मधेसी मोर्चाको आह्वानमा विगत कैयन दिनदेखि सिराहा, सप्तरी, धनुषा, महोत्तरी, जलेश्वर र वीरगञ्ज जस्ता नेपालकै महत्वपूर्ण नाकाहरु पर्ने प्रमुख शहरहरु ठप्प छन् । सम्पूर्ण उद्योगधन्दा लगायत शिक्षण सँस्थानहरुमा महिनौदेखि ताल्चा झुण्डिएका छन् र यातायात अवरुद्ध हुनाले हजारौं यात्रीहरु बाटाघाटामा अलपत्र परिरहेकाछन्। आफु विरुद्ध देखाईएका काला झण्डाहरु प्रदर्शन गरिएका छन्, चर्का चर्का नाराहरु लगाईएका छन्। डेढ घण्टा पनि बित्न नपाउँदै सभाबाट टाप कस्नु परेको छ । वार्ताका लागि निम्तो दिईए तापनि उपयुक्त वातावरण नबनाईएकोले वार्तामा बस्न नसकिने प्रतिक्रिया मधेसबाट आएको छ । के हुन् यी सब ? के राज्य र मधेस दुवैथरीले यो वार्तालाई सारसले फ्याउरालाई र फ्याउराले सारसलाई भोजमा आमन्त्रण गरेजस्तो ठानेका हुन् ? यदि त्यसो हो भने, यो नौटंकीमाको फ्याउरा हो, र कुन चाहीँ सारस हो ?

सत्तासाझेदार दलहरुमध्ये सबैभन्दा बढी क्रान्तिकारी र अग्रगमनका हिमायती ठानिएका ने.क.पा. माओवादीहरु आफ्ना दर्जनौ कार्यकर्ताहरुको मधेसमा बली चलाएपछि तिनीहरु आजका मितिसम्म पाईला टेक्नै गएका छैनन् । दस वर्षसम्म साम्राज्यवादी तथा तिनका पृष्ठपोषकहरुसँग कुकुर(बिरालाको खेल खेल्दै आएका माओवादीहरुले मुलकका सम्पूर्ण पूर्वाधारहरु ध्वश्त मात्रै पारेनन्, अपितु तिनीहरुसँगै अंकमाल गर्दै नेपालको लागि साम्यवादी लडाईलाई नै सदा सर्वदाको लागि बिराम लगायो । त्यतिले मात्रै नपुगेर अव फेरी पनि आफ्ना लुला, लंगडा र सुत्केरी छापामारहरुको ध्वाँस दिँदै आवश्यक परेमा सेना परिचालनै गरेर भए पनि तोकिएकै मितिमा निर्वाचन गराउनैपर्ने अठोट सार्वजनिक सभाहरुमा व्यक्त गरिँदैछ । अव त हुँदाहुँदा माओवादी केन्द्रीय कमाण्डबाट खरानीको थुप्रोमा टेकेरै भए पनि निर्वाचनलाई सफल बनाई छाड्ने आक्रोश बाहिर आएको छ । के हो खरानीको थुप्रो भनेको ? कस्को खरानीको थुप्रो ? प्रतिक्रियावादीहरुको या बिखण्डनवादीहरुको ? बिसर्जनवादीहरुको या पुनरुत्थानवादीहरुको ? कस्को खरानीको थुप्रोमा टेक्ने बिचार छ माओवादीहरुको ? कि, ढाई करोड नेपाली जनताकै ? दस(दस वर्षसम्म खूनी खेल खेलेर पुगेन र फेरी निर्वाचनको यो घडिमा आएर यस्तो नितान्त घटिया किसिमको शब्द प्रयोग गरिएको ? बिद्रोहलाई दमनले दबाउन सक्तैन भन्ने कुरा पनि के नेपाली जनताले नै बुझाउनुपर्ने हो माओवादीका केन्द्रीय कमाण्डलाई ? यस्तै छुद्र बचन र व्यवहार सधैँ देखाईरहनू, अनि आउँछ अस्सी प्रतिशत भोट र अनि भईन्छ(देशको प्रथम राष्ट्रपति ।

अध्यक्ष कामरेडको उदार र बिसर्जनबादी नीतिका कारण एकएक गर्दै पार्टीबाट अलग्गिएका हट्लाईनरहरुले विगत कैयन समयदेखि मधेसमा पृथक पृथक नाउँमा पृथक पृथक सशस्त्र विद्रोह गर्दै आईरहेका छन्। ती दलहरुले ने.क.पा. माओवादी पार्टीको नाकमा दम् गरिरहेकाछन् । चुनावै हुन दिने हुन् कि हैनन् भन्ने चिन्ताले केन्द्रीय कमाण्डकै रातको निँद हराम गरिराखेकाछन् । ने.क.पा. माओवादीहरुका लागि के यत्ति नै काफी छैन ? मधेस लोकतान्त्रिक पार्टीहरुले वार्तामा आउने हल्का संकेत गरेका थिए। तर अरु त अरु, राज्यको उपेक्षा र गैरजिम्मेवारीपूर्ण अभिव्यक्तिहरु सार्वजनिक हुनथालेपछि वार्ताका लागि सबैभन्दा लचक र उदार देखिएका मधेसी जनाधिकार फोरम लगायत मधेस लोकतान्त्रिक पार्टी समेत राज्यसँग रुष्ट बन्नपुगेको देखिन्छन्। जस्सरी भए पनि, मधेसलाई ल्याउनुपऱ्यो(वार्तामा, सुन्नुपऱ्यो(उस्का कुराहरुलाई र सम्वोधन गनुपऱ्यो(उस्का जायज मागहरुलाई । र मधेस पनि कन्भिन्स हुनुपऱ्यो कि शेष रहेका मागहरुलाई संविधान सभाको निर्वाचनपछि पनि हल गर्न सकिनेछ। नत्र, सधैँ नै भारतको ईशारामा संविधान सभाको निर्वाचन बिथोल्ने खेल खेलिरहने अनि भारततिर लुक्न गैरहने हो र साँच्चै नै चैत्र २८ को निर्वाचन हुनै नदिने नै हो भने मधेसलेजस्तै पहाडियाहरुले पनि बखेडा झिक्नुपऱ्यो । त्यस्को नतिजा त सबैले जानेकै कुरो हो। अर्थात्, गृहयुद्ध ।

भारतले चाहेमा मधेसको समस्या हल हुने, भारतले नचाहेमा हल नहुने भनेको के हो ? यदि त्यस्तै हो भने नेपाल(भारतका सम्पूर्ण नाकाहरुमा नेपाली सेना, वाईसीएल, जनमुक्ति सेनाका छापामार आदि आदि सम्पूर्ण ताकतहरुलाई बोर्डरमा तैनात गर्नुपऱ्यो र बोर्डर शिल गर्न नेपाल सरकारका साझेदारहरुले हिम्मत गर्नुपऱ्यो । वाईसीएलको दादागिरी काठमाडौमै मात्र किन ? मधेसमा किन नसक्ने वाईसीएलले ? काठमाण्डौंमा कमल थापा जस्ताले खुलेआम सातदलीय गठवन्धनलाई नै चुनौति दिईरहेको थाहा नपाउने, तर सुदूर पश्चिममा ने.वि.सँघले आमसभा गरेको कुरा थाहा पाउने ? यसको अर्थ(रुकुम र रोल्पामा बसेर राजधानीको खबर उत्तिखेरै पत्तो पाउने माओवादीहरुको सूचना प्रणाली आज साँच्चै नै ध्वश्त भएकै हो त ? केन्द्रीय नेताहरुले एकैस्वरमा प्रतिवद्धता दोहऱ्याईरहन्छन् तर भातृसंगठनहरुमा भने दिनहुँ मारामार । यस्तो किन ? के यस्तैखाले व्यवहारले हो चुनाव हुने ? कुनै पनि निहुँमा चुनाव रोकिन गयो भने सबैले त्यसको मुआब्जा तिर्नैपर्ने हुन्छ । चाहे ती मधेसी जनता हुन्, चाहे पहाडिया नै। सधैंभरी गृहयुद्धको ध्वाँस दिँदै राज्य र जनतालाई इमोश्नल ब्ल्याकमेल गर्न त सकिँदैन। मुलुक जाओस न भाँड्मा । जे त होला ।

नेपाली काँग्रेसको पछि लागेर चुनाव लड्दा सय(दुईसय भोट पनि नआउने संकेत पाएका महन्त ठाकुरले आफ्नो बर्चश्वका लागि मधेसको शरण परेको तथ्य कस्लाई थाहा छैन ? खरानीको थुप्रोमा टेकेरै भए पनि ने.क.पा. माओवादी पार्टी यसपालीको निर्वाचनमा जानखोज्नुको अर्थ के हो ? अर्थ स्पष्ट छ(मधेसमा आफ्नो नराम्रो पराजय हुने संकेत उस्ले पाईसकेको छ । त्यसकारण, पहिलो चरणमा राज्यले साम र दामको नीतिलाई अगाडि सारेको छ। यसलाई मधेसका कुनै पनि समूहहरुले हल्का र राज्यको नालायकीपन सम्झनु हुँदैन। राज्यको अनुनय र बिनयलाई यदि मधेसबाट राज्यको कमजोरी ठानियो भने ठूलो ऐतिहासिक भूल हुनेछ । किनभने, राज्यसँग अझै पनि दुईवटा उपायहरु ज्यौंका त्यौं छन्। पहिल्यै सबै अचूक सश्त्र र अश्त्र जति प्रयोग गर्नथालियो भने पछि के प्रयोग गर्ने ? गुलेली ?

आजको स्थिति भनेकै ढाँटै ढाँटको स्थिति हो । किनभने, यहाँ सबैजना जनतासँग ढाँटको खेती गरिरहेकाछन् । मधेसलाई वार्तामा निम्त्याईएकोछ भन्दै एकातिर राज्यले ढाँटिरहेको छ भने वार्ताको उपयुक्त वातावरण नबनाएको र हामीलाई उपेक्षा गरिएको भन्दै मधेसले ढाँटिरहेको छ। आखिर जनताले कस्को कुरा पत्याउने र कस्को नपत्याउने ? साँचो र यथार्थ यहाँ को बोलिरहेको छ ? र जनतासँग कस्ले बेईमानीको खेल खेलिरहेको छ ? कस्ले दिने हो यस्को जवाफ ? कहिले बनाउने हो उचित वातावरण ? बिखण्डनको कुरा त यो देशमा कसैले गर्दै नगरोस । किनभने, नेपालको बिखण्डन कुनै पनि हालतमा सैह्य हुनेछैन। ती बाहेक के साँच्चै नै मधेस वार्तामा बस्न चाहेकै हुन् त ? यदि त्यसो हो भने नेपाल सरकारले वार्ताको लागि आह्वान गरिसकेकोछ, वातावरण पनि बनाउला । तर मधेस आउने कि नआउने वार्तामा ? कि, यी सब नौटंकी मात्रै हुन् ?

तेश्रो पटक पनि निर्वाचनको मिति सारियो वा कुनै बहानामा यसलाई टारियो भने मुलुक गृहयुद्धको चपेटामा पर्नेछ, मुलुकमा शान्ति व्यवस्था कायम रहने भने देश चौपट हुनेछ भन्ने सबैले भलिभाँति बुझेका छन् । तर आजका मितिसम्म आईपुग्दा पनि कोही किन एक पाईला अगाडि सारिरहेका देखिन्नन् ? जसरी हुन्छ, फुटाऊ र शासन गर । लिंग, धर्म, क्षेत्र, वर्ग तथा जातीयताका नाममा मुलुक जतिसुकै चिरा परोस, यिनीहरुलाई कत्ति पनि पर्वाह छैन, चाहे ती पहाडियाहरु होउन्, चाहे मधेसीहरु नै। यस कुरालाई यिनीहरुले भतिभाँति जानेका छन् कि संविधान सभाको निर्वाचनसँगसँगै नेपालको राजनीतिबाट यिनीहरु सदाको लागि उठिबास हुनेछन् । किनभने, हिजो जे थियो, त्यही ठीक थियो र आज जे छ, त्यो पनि यिनीहरुका लागि ठीकै छ। आफ्नो दुनो सोझिएको छँदैछ। जनता चाहे मरुन् या बाँचून्(यिनीहरुको कुनै लिनु(दिनु छैन । ने.क.पा. माओवादी लगायत उसँगको संयुक्त चुनावी सभाहरुमा दलहरुले प्रतिवद्धताहरु दोहऱ्याउनुको कुनै औचित्य देखिन्न। कतै, मधेसको नाममा मधेसी दलहरुले मधेसी जनतालाई नै ठग्ने प्रयास गरिरहेका त हैनन् ? कतै, मधेसको निहुँमा फेरी एकचोटी नेपाल सरकारका भोकाहाशुरहरुले यो निर्वाचन पनि टार्नखोजेको त हैन ? निर्वाचन गराईछाड्ने तथा निर्वाचन हुनै नदिने किसिमले राज्य र मधेसका तर्फबाट अभिव्यक्त गरिएका यस्ता औचित्यहीन प्रतिवद्धताहरुले एकचोटी फेरी सतीले सरापेको यो देशमा संविधान सभाको मिति सर्ने सम्भावनालाई बलियो बनाउँदै लगेको आभाष मिलेको छ।

# बडफ्लु-सतर्कता

बुटवल, १५ माघ । भारतको पश्चिम बङ्गालमा देखापरेको बर्ड फ्लु रोगबाट नेपालमा पर्नसक्ने प्रभाव र खतरालाई कसरी समयमै रोकथाम गर्न सकिन्छ भन्ने सम्बन्धमा सोमबार प्रहरी प्रशासन, भन्सार प्रमुख, कुखुरापालक किसान, उद्योगी व्यवसायी, पत्रकार र पशु क्वारेन्टाइन कार्यालयका विशेषज्ञहरुबीच एक छलफल कार्यक्रम सम्पन्नभयो ।

छलफलमा सहभागी वक्ताहरुले भारतबाट अवैधरुपमा भित्रिने गरेका फुल र कुखुरालाई तत्काल रोक्न सीमाक्षेत्रलाई विशेष सुरक्षा निगरानी हुनुपर्ने, चराचुरुङ्गी आयातमा प्रतिबन्ध लगाउनुपर्ने, विदेशबाट आयातीत सेतो फुल बिक्री वितरण गरेको भेटिएमा जफत गरी दण्ड गर्नसमेत सुझाव दिए ।

साथै उनीहरुले व्यक्तिगत लाभलाई हेरेर भारतबाट कुखुरा किनेर ल्याई नेपालमा बिक्री वितरण गर्ने तथा डम्पिङ बनाउन खोज्ने व्यापारीहरुको पहिचान गरी प्रहरी प्रशासनलाई जिम्मा लगाउन पछि पर्न नहुनेमा समेत जोड दिए ।

भारतबाट हुनसक्ने अवैध पशुजन्य आयातमा रोक लगाउनसके नेपालमा बर्ड फ्लुको कुनै समस्या नआउने बताउँदै वक्ताहरुले खुला सिमानाको दुरुपयोग गरी तस्करी हुने स्थानको पहिचान गरी तस्करी रोक्ने निकायम क्वारेन्टाइनलाई सक्रिय बनाउन बर्ड फ्लुसम्बन्धी सूचना गाउँ गाउँसम्म पुऱ्याउन पोस्टर एवम् पम्प्लेट प्रयोग गर्नुपर्ने सुझाव दिए ।

जिल्ला क्वारेन्टाइन कार्यालय, रुपन्देहीद्वारा आयोजित सो कार्यक्रममा वक्ताहरुले नेपालमा बर्ड फ्लुको सम्भावना नरहेको अवस्थामा अनाहकरुपमा विगतमा आफ्ना उत्पादनम समेत शङ्का गर्नाले यसक्षेत्रका उद्योगी व्यवसायीहरु धरासायी बन्न पुगेको प्रसङ्ग उल्लेख गर्दै नेपाली उद्योगहरुलाई धरासायी बनाउन हुनसक्ने चलखेलप्रति सजग रहनसमेत सबैसँग आग्रह गरे ।

भारतमा बर्ड फ्लु लागेपछि नेपालको तराईका २५, राजधानी उपत्यकालगायतका जिल्लालाई उच्च सतर्कता अपनाउने प्रयास भइरुहेको बुझिएको छ ।


मुलुकमा हाल रु.१८ अर्बबराबरको कारोबार कुखुरा व्यवसायबाट भएको छ। ६८ हजार परिवार सो व्यवसायमा आश्रित छन् । नेपालमा प्रतिदिन एक लाख ६० हजार केजी ब्वाइलर कुखुराको मासु उत्पादन र खपत हुन्छ। ७३ वटा ह्याचरी उद्योगबाट प्रतिहप्ता चार लाख ब्वाइलर उत्पादन हुन्छ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी ध्रुवराज वाग्लेले तस्करी हुने नाका पत्ता लगाई क्वारेन्टाइनका प्रतिनिधि खटाउन सो कार्यालयलाई निर्देशन दिनुभयो। रासस

# माओवादी नेता असुरक्षित

***काठमाडौ/ माघ १५*** सात दलसँग गरिएको १२ बुँदे सहमतिलाई लात हान्दै दरबारसँग घाँटी जोड्ने प्रयासमा लागेको माओवादी नेतृत्व अझै प्रयासरत रहेको छ। द्वन्द्वाकालमा माओवादी नेताहरूले 'नोकरसँग होइन मालिकसँग वार्ता गर्ने' भन्दै वार्ताबाट बाहिरिएको माओवादी शीर्ष नेतृत्व अहिले पुनः राजाका नोकरहरूसँग वार्ता गरिरहेको छ। सोही सम्पर्कका आधारमा अधिराजकुमार धीरेन्द्रसँग माओवादी नेता डा. बाबुराम भट्टराईको दरबार चाकडी अझै असफल हुन सकेको छैन । २०५९ सालमा दरबारको दलाली गर्ने क्रममा नारायणसिंह पुन हुँदै पूर्व सैनिक सचिव विवेक शाहसम्म माओवादी नेतृत्व पुग्न सफल भएको थियो । विवेक शाहसँग रामबहादुर थापा 'बादल' र कृष्णबहादुर महराले भेटेका थिए । सोही वार्ता प्रकरणमा राजाले माघ १९ को कदम चालेपछि दरबारले आफूलाई धोका दिएको भन्दै प्रचण्डले डा. बाबुराम भट्टराई, हिसिला यमी, दीनानाथ शर्मालाई पार्टीबाट कारवाही गरेको थियो ।

विगतकै सम्पर्कलाई निरन्तरता दिँदै प्रचण्डले रमेशनाथ पाण्डे, प्रकाश कोइराला, नारायणसिंह पुनसँग भेट गरेका छन् ।



## खेल समाचार

# भुटानमा हुने क्रिकेट खेलका लागि खेलाडी छनौट

■कृपा संवाददाता————

वीरगंज, १५ माघ ⁄विगत २५ वर्षदेखि खेलकूद क्षेत्रमा समर्पित पशुपति आर्दश क्लब अन्तरगतका खेलाडीहरु भुटानमा सम्पन्न हुन गई रहेको इन्टरनेशनल क्रिकेट प्रतियोगितामा भाग लिनका लागि सो कल्बले खेलाडी छनौट गरेको छ ।

नेहाल अहमदको क्याप्टेनको नेतृत्वमा १६ सदस्यीय खेलाडी यही माघ १८ गते भुटान प्रस्थान गर्ने सो कल्बका सचिव रमेश शर्माले जनाकारी दिनुभएको छ । छनौटमा परेका खेलाडीहरुमा फिरोज अहमद, प्रताप महर्जन, विनय साह, सन्तोष साह, फिरोज खान, अजय शर्मा रहेका छन् ।

त्यसैगरी अमिर सोहेल, रामजी गुप्ता, दिपेन्द्र साह, हासिम अंसारी, आकाश परियार, अभिनाश कर्ण, सफी अंसारी, शेख फैयाज, सतिष तुराहा रहेको जारी विज्ञप्तिमा जनाइएको छ ।

# कृषिसँग सम्वन्धित कार्यालयहरूलाई पुनस्थापना गने

कृपा संवाददाता -------------

वीरगंज, १५ माघ ⁄कृषि तथा सहकारी राज्यमन्त्रि नागेन्द्र चौधरीले कृषि उत्पादन कार्यमा कृषकको भुमिका उल्लेखनिय रहेको वताउनुभएको छ ।

जिल्ल्ला कृषि विकास कार्यलय पर्साको आयोजनामा जिल्ला स्तरिय ३ दिने अगुवा कृषि तालिमको सम्पन्न समारोह कार्यक्रममा बोल्दै राज्यमन्त्रि चौधरीले सो कुरा वताउनुभएको हो ।

मन्त्रि चौधरीले कृषि प्रधान देशमा कृषकको जिवन उकास्नको लागि कृषिसँग सम्वन्धित कार्यालयहरुलाई पुनस्थापना गर्ने बताउनुभयो । उहाँले सँविधानसभा सम्बन्धि आचारसँहिता लागु भईसकेकाले कृषि सम्बन्धि धेरै कार्य गर्न कठिन परेको गुनासो समेत गर्नुभयो ।

राज्यमन्त्रि चौधरीले परम्परागत कृषि प्रणालिलाई छोडेर वैज्ञानिक ढङ्गबाट खेति गरे कृषकको जिवन स्तर उस्कने वताउनुभयो। चौधरीले वर्डफ्लु रोग भारतमा देखिसकेको र नेपालमा यो रोग नआओस् भनेर उच्च सतर्कता अपनाउन कृषकहरुलाई सचेत पार्नुभयो ।

सम्पूर्ण कृषकहरुलाई चैत २८ गते हुने सँविधानसभामा सक्रिय भएर सहभागि हुन अनुरोध गर्नुभयो ।

पशुसेवा कार्यालय पर्साका कार्यालय प्रमुख वरिष्ठ पशु चिकित्सक डा. गोविन्द झाको सभापतित्वमा सम्पन्न कार्यक्रममा जिल्ला कृषि विकास कार्यालय पर्साका प्रमुख रामचन्द्र मिश्रा, कृषि प्रसार अधिकृत मुनिलाल प्रसाद, एमालेका डा. विश्वम्भर सर्मा, कँग्रेसका राजेश तिवारी, लगायतकाको उपस्थिति रहेको थियो ।

## क्यान इन्फो ...

व्यक्तिहरूलाई आग्रह गर्नुभयो । मन्त्री महराले देशमा सूचना प्रविधिको विकास र विस्तार गर्न विद्यमान नीति, ऐन एवं कानुन आजको आवश्यकता र बदलिंदो परिवेश अनुरुप परिमार्जन गर्न सरकार तत्पर रहेको स्पष्ट गर्नभयो । रासस

## स्थानीय कर्मचारीद्वारा ...

गत मंसीर महिनामा भएको सहमतिको समेत कार्यान्वयन नभएकोमा ज्ञापन पत्रमा आपत्ती प्रकट गरिएको छ । जिविस बारामा कार्यालय प्रमुख अनुपस्थित हुने गरेकोमा तत्काल कार्यालय प्रमुख कार्यालयमा उपस्थित हुनु पर्ने माग समेत गरिएको छ ।

## राजनीतिक हस्तक्षेपका ...

बुद्धिजिवीका केन्द्रीय उपाध्यक्ष उमेशलाल दास, बारा जिल्लाका प्रमुख जिल्ला अधिकारी डा. कमलेश कुमार सिन्हा, चन्द्रिका प्रसाद गुप्ता, नेपाल भारत मंत्री संघका अध्यक्ष हरिलाल अग्रवाल लगायतकाले मन्तब्य राख्नु भएको थियो । कार्यक्रममा बोल्दै उहाँहरुले बारा जिल्लाका बालबालिकाहरुको अवस्था ज्यादै दयनीय भएको कुरा पनि बताउनु भएको छ। सो कार्यक्रम सोसल सर्भिस समाजका अध्यक्ष पवन अग्रवालको सभापतित्वमा सम्पन्न भएको हो ।

## बाबाको चक्काजाम ...


सडकमा ट्याकंर तेर्साएर विहान ९:३० बजे देखि १०:३० बजे सम्म ट्याकंर तेर्साई सडक अवरुद्ध पारेका थिए ।

## विदेशी विनियम दर रेट

| मुद्रा | एकाइ | खरिददर (रु मा) | विक्रीदर (रु मा) |
|---|---|---|---|
| भारतीय रुपैयां | १०० | १६० | १६०.१५ |
| अमेरिकी डलर | १ | ६३.११ | ६३.७० |
| युरो | १ | ९२.६३ | ९३.५० |
| पाउन्ड स्टर्लिङ | १ | १२४.९० | १२६.०७ |
| स्विस फ्रैंक | १ | ५७.६६ | ५८.१९ |

## आजको रासिफल

| | | | |
|---|---|---|---|
| मेष | कार्यक्षेत्रमा तालमेल मिल्नेछ । | तुला | आयमा कमी आउनेछ। |
| बृष | कार्य नास हुनेछ । | वृष्चिक | पारिवारिक दायित्व पुरा हुनेछ। |
| मिथुन | मन उत्साहित हुनेछ । | धनु | वादविवाद वढनेछ। |
| कर्कट | घरेलु समस्याले पिरोल्नेछ । | मकर | मानसिक पिडा वढनेछ। |
| सिंह | मनमा चिन्ता लाग्नेछ । | कुम्भ | उतरार्द्धमा समय वलवान छ । |
| कन्या | उच्च मनोवल वढनेछ । | मीन | आम्दानी वढनेछ। |



## अर्थ जगत

# भारतीय बैंकले व्याजदर यथावत राखे

*मुम्बई/ माघ १५* भारतको केन्द्रीय बैंकले मङ्गलबार आफ्नो पछिल्लो नीति समीक्षामा मुख्य व्याजदरलाई यथावत् राख्दै उच्च मुद्रास्फितिको जोखिम विश्वभर कायम रहेको बताएको छ ।

दि रिजर्भ बैंक अफ इन्डियाले बैंकहरूलाई दिने सापटी दर (रिपो रेट) लाई पहिलेकै ७.७५ प्रतिशतलाई कायम राखेको छ र क्यास बैंकको रकम जगेडा कोषको रूपमा ७.५० प्रतिशत छुट्ट्याउन भनेको छ ।

गत हप्ता अमेरिकी ब्याजदरमा भारी कटौती भएको पृष्ठभूमिमा सन् २००४ देखि कायम भारतीय केन्द्रीय बैंकको कडा नीतिमा केही हेरफेर हुने आशा विश्लेषकहरूले राखेका थिए ।

केन्द्रीय बैंकका गवर्नरले भने- हालैका हप्ताहरूमा विकसित अन्तर्राष्ट्रिय घटनाक्रम र मौद्रिक बैंकहरूको त्यसप्रतिको प्रतिक्रियाले वृद्धि र वित्तीय स्थायित्वमा विश्वभर खतरा रहेको संकेत गर्दछ । रासस

# बृहत् प्रजातान्त्रिक शक्ति निर्माण गरेर अघि बढ्नुपर्ने धारणा

*धनगढी/ माघ १५* पूर्वप्रधानमन्त्री एवं राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले राष्ट्रियता, राष्ट्रिय एकता र प्रजातन्त्र संकटमा परिसकेकाले यसलाई बचाउन सबै प्रजातान्त्रिक शक्तिहरूको एक बृहत् प्रजातान्त्रिक शक्ति निर्माण गरेर अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभएको छ ।

राष्ट्रिय जनशक्ति पार्टी कैलालीको प्रथम जिल्ला अधिवेशनको आज यहाँ उद्घाटन गर्दै अध्यक्ष थापाले संविधानसभाको चुनावी वातावरण बनाउन देशमा उत्पन्न समस्याहरूको तत्काल समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।मधेसी-तराईवासीको समस्यालाई गम्भीर रूपमा लिनुपर्ने उल्लेख गर्दै पूर्व प्रधानमन्त्री थापाले उनीहरुसँग सौहार्दतापूर्वक समझदारी कायम गरेर समस्याहरूको समाधान खोजिनुपर्छ भन्नुभयो ।

कसैले भाग लिने र कसैले नलिने गरी हुने संविधानसभा लङ्गडो हुने चर्चा गर्दै उहाँले सङ्घर्ष, भनाभन, बल प्रदर्शन र प्रयोगले चुनावी वातावरण बनाउँदैन भन्नुभयो ।

संविधानसभाको चुनावका लागि तयार रहन कार्यकर्तालाई निर्देशन दिंदै उहाँले यो चुनाव पछि अनिश्चित रहेको नेपालको राजनीतिले एउटा निश्चित बाटो लिने विश्वास व्यक्त गर्नुभयो । रासस


# चुनाव कसैले रोक्न सक्दैन-महासचिव नेपाल

काठमाडौं/ माघ १५ नेकपा (एमाले)का महासचिव माधवकुमार नेपालले केही बाधा अड्चनका बाबजुद पनि संविधानसभाको निर्वाचन गर एरै छोडनुपर्नेमा जोड दिनुभएको छ । उक्त दलको केन्द्रीय सल्लाहकार कमिटीको पूर्ण बैठकलाई सम्बोधन गर्दै उहाले संविधानसभाको निर्वाचनले नै देशमा दिगो शान्ति कायम गर्ने भएकाले केही अड्चन आयो भन्दैमा निर्वाचनलाई पर सार्न नहुने बताउनुभयो ।

शान्ति सुरक्षाका लागि सरकारको ध्यानाकृष्ट गरिएकाले सुरक्षाको काम भइरहेको, निर्वाचनमा पूर्व अमेरिकी राष्ट्रपति जिमी कार्टर लगायत अन्तरराष्ट्रिय पर्यवेक्षक पनि आउने भएको बताउादै महासचिव नेपालले समतामूलक समाजको निर्माणका लागि पनि यो निर्वाचन महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।

उहाले उक्त कमिटीबाट पारित प्रस्तावलाई पार्टीको केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गरिने, संविधानसभाको निर्वाचनलाई पूर्ण प्रजातान्त्रिक ढङ्गले अघि बढाइने, सबै वर्ग, क्षेत्र र समुदायलाई आ-आफ्नो हैसियत दिन निर्वाचनमा समावेसी ढङ्गले उम्मेदवारी प्रस्तुत गरिने र आफ्नो दलको एजेन्डाभन्दा राष्ट्रिय एजेन्डालाई प्राथमिकता दिनुपर्ने भएकाले दलको महाधिवेशन संविधानसभाको निर्वाचनपछि गरिने बतउनुभयो ।

बैठक सल्लाहकार कमिटीका सभापति नरबहादुर खाडको अध्यक्ष्यतामा भएको थियो । रासस



## विश्व समाचार

# चीनमा भिषण हिमपात

ग्वाङ्झाऊ (चीन)⁄ माघ १५

दक्षिणी चीनमा हिउँ जमेको सडकमा आज एक यात्रुबाहक बस दुर्घटना हुँदा त्यसमा रहेका कम्तीमा २५ जनाको मृत्यु हुनुका साथै अन्य १३ जना घाइते भएका छन् ।

पर्वतीय ग्वीझोऊ प्रान्तमा आज बिहान ७:४० बजे उक्त बस सडकवाट ४० मिटर तल समथर मैदानमा खसेर सो बस दुर्घटना भएको हो ।

रेल्वे अधिकारीहरूले दक्षिणी ग्वाङ्झाऊ शहरमा झन्डै ५ लाख मानिस बीच बाटोमा फँसेको बताएका छन् ।त्यसरी अलपत्र परेकाहरूमा अधिकांश आप्रवासी कामदारहरू रहेको छन्। उत्तरी प्रान्तहरूमा परेको भीषण हिमपातबाट ग्वाङ्झाऊ-बेइजिङ बीचको रेल सेवा केही ठाउँमा अबरुद्ध भएको समाचार छ ।

यो दुर्घटनाबाट दुई साताको अबधि भित्रमा सडक दुर्घटनामा परी मर्नेको सङ्ख्या बृद्धि भएर अब झन्डै ५० पुगेको छ । रासस

# भुट्टोलाई हमला गर्ने व्यक्तिको पहिचान

*इस्लामाबाद/ माघ १५*

पाकिस्तानकी पूर्व प्रधानमन्त्री बेनजिर भुट्टोको हत्यामा संलग्न रहेको आशङ्कामा गिरफ्तार एक किशोरले भुट्टो चढेको कार नजिक रावलपिन्डीमा आफैँलाई बमद्वारा उडाउने आत्मघाती हमलाकारीको पहिचान गरेको छ ।

नर्थ-वेस्ट फ्रन्टियर प्रान्तको डेरा इस्माइल खान सहरबाट गिरफ्तार भएका १५ वर्षीय अइतजाज शाहले त्यस आत्मघाती हमलाकारी बिलाल नामका एक पुरुष भएको र उनी दक्षिण बजिरिस्तानको आदिवासी क्षेत्रका बासिन्दा भएको जानकारी दिएको गृह सचिव सैद कमाल शाहले बताए ।डसेम्बर २७ मा रावलपिन्डीको एक चुनावी सभालाई सम्बोधन गरेपछि फर्किन लागेका भुट्टोमाथि गन र बम हमला गरिएको थियो । रासस

# संविधानसभा निर्वाचनका लागि प्रतिकूल वातावरण नरहेका -डा.यादव

*ललितपुर/ माघ १५* नेपाली काङ्ग्रेसका महामन्त्री डा.रामवरण यादवले तराईका जिल्लामा हाल प्रचार गरिएजस्तो संविधानसभा निर्वाचनका लागि प्रतिकूल वातावरण नरहेको बताउनुभएको छ ।

संविधानसभा निर्वाचनलाई सफल बनाउन नेपाली काङ्ग्रेसले जिल्ला तथा स्थानीय निकायहरूलाई सशक्त रूपमा परिचालन गर्न सञ्चालन गरेको अभियानका क्रममा तराईका विभिन्न जिल्ला भ्रमण गरेर फर्कनुभएका महामन्त्री डा. यादवले आज पार्टी कार्यालयमा पत्रकार सम्मेलन गरी तराईका जनता संविधानसभा निर्वाचनको प्रतिक्षामा रहेको बताउनुभयो ।

बन्द, धम्की र त्रासका भएतापनि कार्यकर्ता भेला तथा आमसभाहरूमा हजारौंको सङ्ख्यामा आम जनता एवम् पार्टी कार्यकर्ताको उपस्थितिले तराईमा अशान्ति मच्चाउन चाहनेहरूलाई गतिलो जवाफ दिएको छ, उहाँले भन्नुभयो ।

नेपाली काङ्ग्रेसका कार्यवाहक सभापति सुशील कोइराला, उपसभापति प्रकाशमान सिंह, महामन्त्री यादव र केन्द्रीय सदस्य दिलबहादुर घर्तीले हालै चितवनदेखि झापा सम्मका तराईका विभिन्न जिल्लाको भ्रमण गर्नुभएको थियो ।

तराईमा आन्दोलनरत केही पक्षले आफूहरूले शान्तिपूर्ण आन्दोलन गरिरहेको बताएपनि उनीहरू सशस्त्र समूहको आडमा विरोधमा उत्रिने गरेको उल्लेख गर्दै महामन्त्री डा. यादवले सरकारलाई आन्दोलनरत पक्षलाई वार्तामा ल्याउन थप गृहकार्य गर्न सुझाव दिनुभयो ।

एक मधेस एक प्रदेश, आत्मनिर्णयसहितका स्वायत्ततालगायतका मागका सम्बन्धमा निर्णय गर्ने अधिकार जनतालाई दिनुपर्ने आफुहरूको धारणा रहेको उहाँले बताउनुभयो ।

तराईमा आन्दोलनरत पक्षले सङ्क्रमणकालीन अवस्थाको फाइदा उठाएर जवर्जस्ती सबै माग पूरा गराउन खोजेको देखिन्छ, भन्दै महामन्त्री डा. यादवले तराईमा भइरहेको आन्दोलनले लोकतन्त्र विरोधी, अस्थिरता बढाउन चाहने र राजावादीहरूलाई सहयोग पुऱ्याइरहेको बताउनुभयो । रासस

## जिल्ला वन समन्वय समितिको कार्यालय रौतहट, गौरको

### प्रश्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः-०६४-१०-१५

उपरोक्त विषयमा यस कार्यालयको तराई तथा सिवालिकका लागि जैविक विबिधता क्षेत्र कार्यक्रम तर्फको सन् २००८को स्वीकृत कार्यक्रम अनुसार सार्वजजिनक जग्गामा कृषि वन विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक गैर सरकारी सेवपा प्रदायकहरुबाट ३० दिन भित्र विस्तृत प्राविधिक तथा आर्थिक प्रश्ताव पेश गर्न सम्बन्धित सबैको जनाकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। कार्यक्रमको कार्यसूची यस कार्यालयबाट रु ३००।- मा प्रप्त गर्न सकिने छ। सार्थ यस सम्बन्धि विस्तृत जनाकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिने ब्यहोरा समेत जानकारीका लागि अनुरोध गरिन्छ।

सम्पर्क फोनः- ०५५-५२००४९,६२०४५८

## आजको सुनचाँदीको मूल्य विवरण

| विवरण | १० ग्राम |
|---|---|
| छापा सुन | १८,७८२⁄ - |
| तेजावी सुन | १८,६५८⁄- |
| असल चाँदी | ३४७।- |

## वर्गिकृत विज्ञापन

WANTED WE INVITE APPLICATION FOR FOLLOWING POSTS: WANTED

CASHIER : SHOULD HAVE PASSED INTERMEDIATE(+2) LEVEL CAPABLE OF HANDLING AND RECORDING CASH TRANSACTION OF THE CAMPANY.

COMPUTER OPERATOR: SHOULD HAVE PASSED INTERMEDIATE(+2) LEVEL WITH HIGH LEVEL OF PROFICIENCY IN WORD, EXCEL, ACCOUNTING, SOFTWARE, POWERPOINT, PAGEMAKER AND LETTER WRITING IN NEPALI.

MARKETING ASSISTANT: SHOULD HAVE PASSED INTERMEDIATE (+2) LEVEL WITH HIGH RESEARCH AND VERBAL SKILLS.

MERCANTILE FINANCE CO.LTD ADARSHNAGAR, BIRGANJ(NEPAL)FAX:–00977 51 521673

## नेशनल मेडिकल कलेज नै किन ?



यस अस्पतालका विशेषताहरू:

सबै रोगको अत्याधुनिक मेशिनबाट सुक्ष्म उपचार

स्वदेशी तथा विदेशी दक्ष चिकित्सकहरूद्वारा स्वास्थ्य परीक्षण

सम्पूर्ण रोगको अलग-अलग विशेषज्ञहरूद्वारा उपचार

यसका अलावा सम्पूर्ण सुविधाबाट सुसज्जित

नेशनल मेडिकल कलेज

वीरगंज-१८, भेडियाही, पर्सा

फोन नं. ०५१-५३२२६०, ५३२२६१, ५२२९३६

## मेरो नेपाल



कहिले आउला पालो: नेपाल आयल निगमले पेट्रोलियम पदार्थ सुचारु रुपले बितरण गरीएको दावी गरेपनी बीरगंजमा रहेको एक अधिकृत बिक्रेताकाकहां मट्टीतेलकालागी लाईनमा बस्दै उपभोक्ताहरु । *तस्वीर: राम क्षेत्री*

## तिमिल्सिनाको चटनी



*धन्य छन ती आठ दल,*
*जसको महिमा छ अपरम्पार*
*शेषनागले भन्न सक्तैन*
*तिनको गरिमा वारम्वार*
*देश कता भासिन्छ कुनै*
*चासो नराखी नियम वनाइन्छ*
*नागरिकताको नाउमा त*
*भएको छ यसको खुला*
*व्यापार*

## चुरे पहाडबाट हेर्दा सुरक्षा निकायको... ...



सम्वीधान सभाको निर्वाचन भांड्नेगरी पर्सा जिल्लाको अलौं र भौंवाबाट व्यापक रुपले तस्करी हुने र सो तस्करीका सामान लाई स्कटींग गर्न वडा प्रहरी कार्यालय श्रीपुर र शसस्त्र प्रहरी बेस क्याम्प चिनीमील पुर्ण रुपले सक्रिय रहेको देख्दा सुलसुलेले भन्न थाल्यो - जनतालाई शान्ति सुरक्षा उपलब्ध गराउन न सके पनि तस्करको संरक्षणमा सफल रहने सुरक्षा निकायहरुलाई तस्करले स्वागत गर्नु नै सम्विधान सभाको सफलताहो की क्या हो ?

# प्रमद्वारा चैतमा चुनाव गराई छाड्ने पुन: प्रतिबद्धता
# तराईमा आन्दोलनरत पक्षलाई वार्तामा आउन सरकारको फेरि आग्रह

■कृपा संवाददाता———

काठमाडौ, १५ माघ /प्रधानमंत्री गिरिजा प्रसाद कोइरालाले तोकिएकै समयमा संविधान सभाको चुनाव गराई छाड्ने प्रतिबद्धता र जाहेर गर्नुभएको छ ।

मंगलवारबाट काठमाडोमा सुरु भएकमो सूचना प्रविधि सबन्धि मेलालाई एक शुभ- कामना पठाउदै कोइरालाले यस्तो प्रतिबद्धता जनाउनु भएको हो । उहाँले आफूले चैत २८को चुनाव सम्पन्न गराई छाड्ने कसम खाई सकेका कारण त्यो भन्दा अगाडी आफूलाई केही नहुने कुरा बताउनुभयो । संविधान सभाको चुनाव नेपाली जनता सबैले चाहिसकेको कुरा पनि बताउनुभयो ।

मेलालाई शुभ कामना दिदै प्रधानमंत्री कोइरालाले तराईमा आन्दोलनरत सबै पक्षलाई वार्तामा आउन समेत आग्रह गार्नुभएको छ । संविधान सभाको चुनाव महान यज्ञ हो यो यज्ञमा सरिक हुन सबैलाई आग्रह गर्दछु भनी कोइरालाले आफ्नो सन्देशमा उल्लेख गर्नुभएको छ । पछिल्ला समयमा शान्ति सुरक्षाको वातावरणमा पनि केही परिवर्तन हुँदै आएको धारणा समेत उहाँले राख्नु भएको छ ।

यसैबीच सरकारले तराईमा सशस्त्र तथा निसशस्त्र आन्दोलन गदै आई रहेका समूहसंग वार्ता गर्न गठित शान्ति मंत्री रामचन्द्र पौडेलको समूहलाई पूर्णता



दिने भएको छ । मंगलवार शान्ति मंत्रालयमा बसेको सातदलको कार्य समितिले यस्तो निर्णय गरेको एमाले नेता अमृत बोहराले जानकारी दिनुभयो ।

विशेष गरी नेकपा मओवादी र एमालेले वार्तटोली पूर्ण नभएका कारण पनि तराईका भूमिगत संगठनहरु वार्तामा आउन आनाकानी गरेका कारण टोलीलाई पूर्णता दिने निर्णय भएको पनि उहाँले जानकारी दिनुभयो । मंगलवार बसेको सो समितिले फेरि तराईका सबै समूहलाई वार्तामा आउन आग्रह गरेको पनि बताइएको छ । शान्तिपूर्णको राजनीतिमा आई समस्या समाधान गर्न समेत तराईका सबै समूहलाई आग्रह सो बैठकले गरेको पनि जनाइएको छ ।

सरकारले बारम्बार वार्ताको आह्वान गरेको भएपनि तराईका सशस्त्र तथा निशस्त्र समूहले भने सरकार वार्ता चनाहेको आरोप लगाउदै आई रहेका छन् । यसैबीच भक्तवपुरमा रहेको सहिद गंगाालाल अस्पतालको वार्षिकोत्सवमा बोल्दै कोइरालाले संविधान सभाको चुनाव सम्पन्न गराई छाड्जने प्रतिबद्धता जनाउनु भएको छ ।

## राजनीतिक हस्तक्षेपका कारण बालबालिकाहरू प्रभावित भएको दाबी

■कृपा संवाददाता———

कलैया, १५ माघ / मंगलवार बाराको सदरमुकाम कलैयामा आयोजित एक कार्यक्रममा बोल्दै बक्ताहरुले राजनीतिक हस्तक्षेपका कारण बालबालिकाहरु प्रभावित हुने गरेको कुरा बताएका छन् ।

बारा नागरिक समाज र सोसल सर्भिस कमिटी बाराले आयोजना गरेको बालबालिकाको प्रतिभा र विकासमा नागरिक समाज सरकारी निकायको भूमिका विषयक कार्याक्रममा बोल्दै बक्ताहरुले सो कुरा




अन्तरकृया कार्यक्रमका सहभागीहरु । *तस्विर:राम क्षेत्री*

बताएका हुन् । उनीहरुले राजनीतिक क्षेत्रबाट बालबालिकालाई अलग नराखेसम्म सो क्षेत्र फस्टाउन नसक्ने बताएका छन् ।

सो अवसरमा बोल्दै मधेशी

- शेष: पृष्ठ ३ मा

## हार्दिक संवेदना



जन्म मिति: २००४-२- ११

मृत्यु: २०६४ -१०-४

### स्व. मुकुन्द खनाल

हाम्रा भाई स्व. मुकुन्द खनालको अल्पकालिन तथा असामयीक निधन भएकोमा हामी स्तब्ध छौं । उहांको आज मिति:- ०६४-१०-१५ गते १३ औं दिनको पुण्य तिथिमा मृत आत्माको शान्ति तथा शोक सन्तप्त परिवारलाई ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना गर्दछौं ।

**दाइ नवराज उपाध्याय उमादेवि उपाध्याय**
**भतिजा -कमल कुमार उपाध्याय , सविता उपाध्याय**

## क्यान इन्फो टेक सुरू

काठमाडौं, १५ माघ । सूचना तथा सञ्चार प्रविधिका नविनतम् उपलब्धीबारे सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले आजदेखि नयाँ बानेश्वरस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा 'क्यान इन्फोटेक-२००८' सुरू भयो ।

यही माघ २० गतेसम्म सञ्चालन हुने सो प्रदर्शनीमा सूचना प्रविधिसँग सम्बन्धित विभिन्न सङ्घ संस्था एवम् प्राविधिक कम्पनीले २८० वटा स्टलमा नविनतम् प्रविधिसहितका उत्पादनहरू राखेका छन् ।

कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान)द्वारा प्रत्येक वर्ष आयोजना गरिने यो प्रदर्शनीको मुख्य आकर्षण कम्प्युटर नै हुने गरेको सन्दर्भमा यस पटकको प्रदर्शनीमा पनि साना आकारका कम्प्युटर ल्यापटपहरूप्रति विद्यार्थी एवम् सहभागीको आकर्षण बढेको देखिएको छ ।

प्रदर्शनीको उद्घाटन गर्दै सूचना तथा सञ्चार मन्त्री कृष्णबहादुर महराले सूचना प्रविधिको विकासलाई गाउँमा नपुऱ्याउँदासम्म ज्ञानमा आधारित समाजको निर्माण हुन नसक्ने बताउँदै देशमा विकसित सूचना प्रविधिको उपलब्धीलाई ग्रामीणमुखी बनाउन सम्बद्ध

- शेष: पृष्ठ ३ मा

# समाचार संक्षेप

## वार्ताको बाटो अपनाउन आग्रह

■कृपा संवाददाता———

सिमरा, १५ माघ /बारा जिल्लाको सिमारामा अवस्थित सूर्य नेपाल प्रालिमा देखिएको समस्यालाई वार्ताबाट समाधान गर्न उधोग बाणिज्य संघ सिमरा शाखाले आग्रह गरेको छ ।

संघ शाखाका अध्यक्ष रेशम तिवारीले मंगलवार एक प्रेस विज्ञप्ति जारी गरी यस्तो आग्रह गर्नुभएको हो । वार्ताबाट निकाश खोज्न समेत विज्ञप्ति मार्फद उहाँले आग्रह गर्नुभएको छ । केही दिन देखि सो उधोगका कर्मचारीहरु आन्दोलनमा उत्रिएपछि सो संघले यस्तो आग्रह गरेको हो । उधोग बाणिज्य संघ वार्ताको मध्यस्तकर्ताको भूमिका निर्वाह गर्न तयार रहेको पनि तिवारीद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । यसैबीच मंगलवार पनि सूर्य नेपालका मजदुरहरुले आन्दोलन जारी राखेका छन् ।

## जमिअते उलमाएको भेला सम्पन्न

■कृपा संवाददाता———

रौतहट, १५ माघ/जमिअते उलमाए नेपाल रौतहटको क्षेत्र नम्बर १ र २ को भेला आफ्नो १२ सूत्रीय माग राख्दै रौतहटको पिपरा भवानीपुर गाविसमा सम्पन्न भएको छ ।

सो संघका केन्द्रीय अध्यक्ष मौलाना अब्दुल आजीज सिद्धिकोको प्रमुख आतिथ्यमा सम्पन्न उक्त भेलाले मुस्लीम समुदायलाई शासक वर्गले अपहेलना गरेको भन्दै आसन्न संविधान सभाको निर्वाचनमा जनसंख्याको आधारमा मुस्लीम समुदायको प्रतिनिधित्व हुनु पर्ने माग राखेका छन् ।

उक्त भेलालाई स्थानीय सातदल, मधेशी जनअधिकार फोरम, नेपाल सद्भावना राजेन्द्र महतो पक्षधर प्रतिनिधिहरुले सम्बोधन गरेका थिए ।

## रौतहट शाखाको तिथि पनि तय

■कृपा संवाददाता———

रौतहट, १५ माघ/नेपाल पत्रकार महासंघ रौतहट शाखाको जिल्ला अधिवेशन यही माघ २२ गते हुने भएको छ । रौतहट शाखाका कार्यवाहक अध्यक्ष प्रेम चन्द्र झाको अध्यक्षतामा बसेको बैठकले सो निर्णय गरेको हो । यस अघि महासंघ बारा शाखाको अधिवेशन माघ २६ गते हुने निर्णय गरिसकेको छ भने पर्सा शाखाको फागुन १ गते हुनेछ ।

## व्यापारीको अपहरण

सप्तरी, १५ माघ । अज्ञात हतियारधारी समूहले गएराति सप्तरीको मलेकपुर-२ निवासी एक व्यापारीको अपहरण गरेका छन् ।

आफ्नै घरमा सुतिरहेका बेला राति करिब २ बजेतिर आएका आधा दर्जन हतियारधारी समूहले ६० वर्षीय व्यापारी गङ्गा दासको अपहरण गरेका हुन् । अपहरणको हालसम्म कसैले जिम्मेवारी लिएको छैन । अपहृत दासका छोरा रामचन्द्र दासले बुबाको सकुशल रिहाइका लागि पहल गरी दिन सम्बद्ध पक्षसँग आग्रह गरेका छन् । रासस

## चेपाङ विद्यार्थीलाई छात्रवृत्ति

मकवानपुर, १५ माघ । मकवानपुर जिल्ला विकास समितिले चेपाङ विकास कार्यक्रमअन्तर्गत ४३६ जना चेपाङ विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको छ । पहिलो चरणमा जिल्लाको पश्चिमी क्षेत्रका करिब १४ विद्यालयका कक्षा छदेखि १० सम्मका प्रजा विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको र चालु आर्थिक वर्ष ०६४-६५ मा रु.चार लाख छात्रवृत्ति वितरण गरिने जिविसले जनाएको छ ।

चेपाङ विकास कार्यक्रमका राजाराम थापाले कक्षा छदेखि १२ सम्मका २६१ छात्र र १७६ छात्रा गरी ४३७ विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिने बताउनुभयो । छात्रवृत्ति जिल्लाका निमावि, मावि र क्याम्पसका ३२ वटा विद्यालयका चेपाङ विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिने बताइएको छ । रासस

## कुष्ठरोगको औषधि मौज्दात

ललितपुर, १५ माघ । जिल्ला जनस्वास्थ्य कार्यालय, ललितपुरले जिल्लाका सबै स्वास्थ्य केन्द्रमा कुष्ठरोगको औषधि मौज्दात रहेको जनाएको छ । सो कार्यालयले ५५औं राष्ट्रिय कुष्ठरोग दिवसका अवसरमा आयोजना गरेको पत्रकारसम्मेलनमा उक्त कार्यालयका प्रमुख ऋषिप्रसाद लामिछानेले ललितपुरमा कुष्ठरोग निवारण भइसके पनि आकस्मिकरूपमा कुष्ठरोगी देखापरेमा तत्काल उपचार सुरु गर्नका लागि औषधि मौज्दात राखिएको जानकारी दिनुभयो ।